# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४५ | बुटवल | २०८१ पौष ०७, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Dec.22, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## लुम्बिनी प्रदेशका कारागारमा क्षमताभन्दा बढी कैदी

### नयाँ भवन र शिक्षकको व्यवस्था गर्न मुख्य न्यायाधिवक्ताको सुझाव

**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशका सबैजसो जिल्ला कारागार र बाल सुधार गृहमा क्षमता भन्दा बढी कैदी राखिएको मुख्य न्याधिवक्ताको कार्यालयले स्वीकार गरेको छ । दाङ, अर्घाखाँची, गुल्मी, पाल्पा, रुपन्देही र नवलपरासीका कारागार र प्रहरी हिरासत कक्षको अनुगमनका क्रममा कारागारमा क्षमता भन्दा धैरै केदी राख्दा अव्यवस्थित भएको र बाल सुधार गृहमा शिक्षकको अभाव भएको पाइएको मुख्य न्याधिवक्ताको कार्यालयले जनाएको छ।

नवलपरासी कारागारमा क्षमताभन्दा अधिक संख्यामा कैदी बन्दी रहेकाले केही कैदी बन्दीको संख्या तत्काल स्थानान्तरण गर्नुपर्ने, थुनामा रहेका प्रायः युवा नै रहेकोले श्रम र रोजगारीको लागि व्यवस्था गर्नुपर्ने, बाल सुधार गृहमा ४२ जना विद्यार्थी रहेकोमा उनिहरुको लागि शिक्षक व्यवस्था गर्नुपर्ने, उमेर पुगेकाको संख्या पनि धैरै रहेकोले तिनीहरुलाई तत्काल प्रक्रिया पुरा गरि कारागार स्थानान्तरण गर्नुपर्ने अनुगमन टोलीले निश्कर्ष निकालेको छ।

भविस्यमा कुनै जोखिमपूर्ण अवस्था नआओस् भन्ने बारेमा सम्बन्धित निकायले समस्या समाधानका लागि पहल गर्नुपर्ने अवस्था रहेको मुख्य न्यायाधिवक्ता यमलाल खनालले बताए।

अनुगमनको क्रममा कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत तथा थुनामा रहेका व्यक्तिसँग छलफल समेत गरिएको छ।

» *बाँकी ३ पेजमा*

## देवदहमा दोस्रो मिडिया फेस्टिवल हुँदै

देवदह। देवदहमा मिडिया फेस्टिवल हुने भएको छ। देवदह प्रेस क्लबले शनिबार पत्रकार सम्मेलन गर्दै पुष ११ र १२ गते सरहनबारीमा दोस्रो मिडिया फेस्टिवल गर्न लागेको जनाएको हो।

पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष विष्णु पोखरेलले देवदहलाई बौद्धिक बहसको केन्द्रका रुपमा स्थापित गर्ने उद्देश्यले मिडिया फेस्टिवल गर्न लागिएको बताए । 'बुद्ध माता मायादेवी, सानीआमा प्रजापति गौतमी र उहाँकी जीवनसंगिनी यशोधराजस्ता महान र विलक्षण प्रतिभावान नारीहरु जन्मिएको देवदह आफ्नै ऐतिहासिक विरासत र पुरातात्विक महत्व बोकेको क्षेत्र हो,' अध्यक्ष पोखरेलले भने-'देवदहको प्रचारप्रसारमा उल्लेख्य काम हुन नसकेको र पर्याप्त बौद्धिक बहस, अन्तरक्रिया र छलफलसमेत नभएको महसुस गरी गतवर्षबाट सुरु गरिएको देवदह मिडिया फेस्टिवलको दोस्रो संस्करण थप व्यवस्थित र परिस्कृत ढंगले गर्ने तयारी गरिरहेका छौं।'

फेस्टिवलमा स्वतन्त्र प्रेस, व्यावसायिक पत्रकारिता, विकास तथा सुशासन, कृषि र पर्यटनसंगै नेपाली समाजमा पछिल्लो समयमा देखिएको आम असन्तुष्टि र लोकप्रियतावादको विषयमा समेत राष्ट्रियस्तरका नेताहरुसंग प्यानल डिस्कसन हुने जनाइएको छ । जसमा ५ वटा सेशनमा छलफल हुने आयोजकले जनाएको छ।

गत साल मकै विशेष मिडिया फेस्टिवल आयोजना गरेको क्लबले यो वर्ष महोत्सवलाई सिमि विशेष बनाउने तयरी गरेको छ। फेस्टिवल सञ्चालन गर्न पाँच लाख रुपैंया खर्च लाग्ने आयोजकको भनाइ छ।

# पहिलो एनपीएलको उपाधि जनकपुरलाई

**लुम्बिनी संवाददाता**

*बुटवल*




नेपालको पहिलो र बहुचर्चित नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधि जनकपुर बोल्ट्सले जितेको छ । कीर्तिपुरको टियु मैदानमा शनिवार भएको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराउँदै जनकपुरले एनपिएलको पहिलो संस्करणको उपाधि जितेको हो।

च्याम्पियन जनकपुरले ट्रफी सहित १ करोड १० लाख रुपैयाँ प्राप्त गरेको छ। दोस्रो भएको सुदूरपश्चिमले ५१ लाख रुपैयाँ प्राप्त गरेको छ।

१ सय ८५ रनको लक्ष्य जनकपुरले १९.२ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो। जनकपुरका मिलान्थाले सर्वाधिक ८७ रन जोडे।

मिलान्थाले ४९ बलमा ९ चौका र ४ छक्का प्रहार गरे। लिगको दोस्रो अर्धशतक उनले ३१ बलमा पूरा गरे। १२औं ओभरको पहिलो बलमा मिलन्थाले जीवनदान पाएका थिए। उनलाई कप्तान दीपेन्द्रसिंह ऐरीले आफ्नै बलमा क्याच छोडेका थिए।

त्यो समयमा मिलान्था ६५ रन बनाएका थिए । दुई वर्षअघि भएको नेपाल टि ट्वान्टी लिगमा विराटनगर किंग्सलाई फाइनलमा पराजित गर्दा मिलान्थाले सर्वाधिक ४१ रन जोडेका थिए।

पहिलो विकेटका लागि मिलान्था र आसिफ शेखले ४२ बलमा ७३ रनको साझेदारी गरे । आसिफले १९ बलमा ४ चौका र २ छक्काको सहयोगमा ३३ रन जोडे।

आसिफ अलि जेबको बलमा ब्राण्डन मक्मुलनबाट समातिए । हर्ष ठाकरले २४ बलमा २ छक्काका साथ नट आउट ३० रन जोडे । मोहम्मद मोहसिन ८ बलमा ९ रन बनाउँदै इशान पाण्डेको बलमा बोल्ड भए।

जेम्स निशम ४ जोड्दै कप्तान दीपेन्द्रको बलमा बोल्ड आउट भए । सुदूरपश्चिमका लागि दीपेन्द्र, स्कट कुग्गेलेइन, जेब र इशान पाण्डेले समान १ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ८४ रनको बलियो योगफल तयार गरेको थियो।

सुदूरपश्चिमका जेबले सर्वाधिक ६९ रन जोडे। उनले ४३ बलमा ८ चौका र २ छक्का प्रहार गरे । जेबले एनपिएलमा आफ्नो दोस्रो अर्धशतक ३३ बलमा पूरा गरे।

१२औं ओभरको पहिलो बलमा जेबले जीवनदान पाएका थिए। किशोर महतोको बलमा जेबको क्याच शेर मल्लले ड्रप गरेका थिए। त्यो समयमा जेबले ३९ बलमा ६४ रन जोडेका थिए। त्यसै ओभरको अन्तिम बलमा जेब बाउन्ड्री नजिकै ललितबाट समातिए।

पहिलो विकेटका लागि जेबले अर्का ओपनर विनोद भण्डारीसँग मिलेर ७२ बलमा १ सय १७ रनको महत्वपूर्ण साझेदारी गरे । जेब आउट भएको अर्को ओभरमा विनोद पनि आउट भए। विनोदले ३१ बलमा १ चौका र ३ छक्काको सहयोगमा ४१ रन बनाए।

हर्मित सिंह ८ बलमा १ छक्काको सहयोगमा १४ रन बनाउँदै आउट भए। उनी मोहम्मद मोहसिनको बलमा हेमन्त धामीबाट समातिए।

ब्रेण्डन मक्मुलन १२ बलमा १ छक्काको सहयोगमा १४ रन बनाउँदै जेम्स निशमको बलमा बोल्ड आउट भए। १ सय १७ रन बनाउँदा कुनै विकेट नगुमाएको सुदूरपश्चिमले त्यसपछि निरन्तर विकेट गुमायो। उसले पछिल्लो ९ विकेट गुमाउँदा ६७ रन मात्र जोड्न सक्यो।

कप्तान दीपेन्द्र ९, आरिफ शेख १ तथा स्कट कुग्गेलेइन ८ रनमा आउट भए। जनकपुरका लागि किशोर महतो र मोहम्मद मोहसिनले समान ३, ललित र जेम्स निशमले समान १ विकेट लिए।

यो संस्करणमा यसअघि जनकपुर र सुदूरपश्चिमबीच दुई पटक भेट भएको थियो । दुवै खेलमा सुदूरपश्चिमले जनकपुरमाथि सहज जित हात पारेको थियो।

पहिलो क्वालिफायर जित्दै सुदूरपश्चिमले सिधैं फाइनल यात्रा तय गरेको थियो । जनकपुर भने दोस्रो क्वालिफायरको बाटो हुँदै फाइनलसम्म पुगेको थियो । दोस्रो क्वालिफायरमा जनकपुरले इलिमिनेटको विजेता कर्णाली याक्समाथि २ विकेटको कठिन जित हात पारेको थियो।

एनपिएलमा तेस्रो भएको कर्णाली याक्सले २५ लाख र चौथो चितवन राइनोजले १५ लाख रुपैयाँ प्राप्त गरेका छन्।

**दीपेन्द्र सिंहले जिते कार**

सुदूरपश्चिम रोएल्सका कप्तान दीपेन्द्र सिंह ऐरीले नेपाल प्रिमियर लिग (एनपीएल) मा कार पुरस्कार पाएका छन् । आफ्नो नेतृत्वमा सुदूरपश्चिमलाई फाइनलसम्म पुऱ्याएका दीपेन्द्रले टिम उपविजेता बनेपनि व्यक्तिगत उपलब्धी हात पारे।

उनले एनपीलको नेपाली खेलाडीतर्फ प्लेअर अफ दि सिरिज बन्दै ओमोडा ई ५ कार पुरस्कार प्राप्त गरेका हुन्।

ललित राजवंशी रोहित पौडेल पनि कारको होडमा भएपनि दीपेन्द्रले बाजी मारे।

टिमले उपाधि जित्न नसकेपनि दीपेन्द्रले कप्तानी देखि ब्याटिङ बलिङ र फिल्डिङ तीन क्षेत्रमा उत्कृष्ट अलराउण्ड प्रदर्शन गरेका थिए।

प्लेयर अफ दि टुर्नामेण्ट सुदूरपश्चिम रोएल्सका सेफ अली जैबले हात पारे। उनले ५ लाख रुपैयाँ प्राप्त गरेका छन्।

एनपीएलको सर्वोत्कृष्ट बलर ललित राजवंशी घोषित भए। उनले मोटरसाइकल पुरस्कार प्राप्त गरेका छन्।

त्यस्तै, कर्णाली याक्सका बिपिन प्रसाद शर्माले इमर्जिङ प्लेयरको उपाधि हात पारेका छन्। उनले ५० हजार नगद र एक लाख बराबरको छात्रवृत्ति पाएका छन्।

इनर्जेटिक प्लेयर अफ द टुर्नामेण्ट जनकपुरका जिमी नीशम घोषित भए। उनले २ लाख रूपैयाँ प्राप्त गरेका छन्।

अत्यधिक चौका अवार्ड लाहिरु मिलान्थाले पाएका छन् भने फेयर प्ले अवार्ड लुम्बिनी लायन्स टिमले प्राप्त गरेको छ।

एनपीएल सकिएसँगै विभिन्न विधामा अवार्डहरू पनि वितरण गरिएको छ । त्रिवि क्रिकेट मैदानमा आयोजित समापन समारोहमा पूर्वप्रधानमन्त्रीद्वय शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डले अवार्ड वितरण गरेका हुन्।

# महिलाको नेतृत्वमा सामुदायिक वन



**विष्णु खनाल**

*बर्दघाट (नवलपरासी)।*

प्रायः घरधन्दामा सिमित हुने महिलाहरु पछिल्लो समय नेतृत्वमा रहेर काम गर्न थालेका छन् । घर सम्हालेका महिलाहरुले वन समेत राम्रोसित सम्हालेका छन्। सामुदायिक वनमा महिलाहरुको नेतृत्व निकै राम्रो छ।

नवलपरासी पश्चिममा हाल ६५ वटा सामुदायिक वनहरु रहेका छन् । ३ वटा सामुदायिक वन महिलाले सम्हालेका छन्। बर्दघाट १२ मा रहेको बुद्धमंगल महिला सामुदायिक वन, सुनवल ७ मा रहेको ज्यामिरे सामुदायिक वन र सुस्ता २ मा रहेको मदारबाबा सामुदायिक वनमा महिलाहरुलेनै नेतृत्व गरेर वन संरक्षणका क्षेत्रमा काम गरेका हुन् । हरेक वन उपभोक्ता समूहमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित छ।

विवादित रहेका सामुदायिक वनको नेतृत्व गर्न पुरुषहरु असमर्थ्य रहेपछि महिलाहरुले नेतृत्व सम्हालेका हुन् । प्रदेश नं. ५ र ४ को सिमा विवाद र नदीजन्य पदार्थको चरम दोहन भैरहेको मदारवावा सामुदायिक वनमा कुन्ती मुखियाको नेत्रित्व पाए पश्चात भने सिमा विवाद निरुपणसंगै पहिलो पटक कटानको काम थालनी गरेको छ । बगर र नाङ्गा डाडाहरुमा तारवार र वृक्षारोपणको काम सम्पन्न गरेता पनि वन संरक्षणका लागि समुदाय नै चुनौतिको रुपमा रहेको मुखिया बताउँछिन्। दिउँसोको समयमा गस्ती गरेर वनको रेखदेख गरेता पनि चरिचरण र काठदाउरा चोरीकार्य रोक्न निकै समस्या भएको उनको भनाइ छ।

जल, जमिन र जंगलमा महिलाको स्वामित्व स्थापित गर्नु पर्दछ भन्ने सामुदायिक वनको अवधारणाअनुसार महिलाको नेतृत्वमा आएपश्चात् वनको संरक्षणमा कायापलट गर्न सफल वन हो, ज्यामिरे सामुदायिक वन। महिलाहरुले रातको समयमा जंगलमा गस्ती गर्न नसक्ने आरोप र लाल्छाना लाग्ने गरेको मा टिचन गुरुङ्गले अध्यक्षता पाएसँगै वन हेरालुमा समेत महिलाहरु नै रहेर काम गरेको अध्यक्ष गुरुङ्गले बताइन्। उनी भन्छिन्-'महिलाहरु वन जंगलसंग प्रत्यक्ष जोडिने भएको हुँदा महिला स्वायम सामुदायिक वनको नेतृत्व गर्ने स्थानमा पुग्दा वन जंगलको संरक्षणमा निकै सहजता भएको बताउँछिन्।

काम गर्ने क्रममा सुसान र पारदर्शितालाई ध्यानमा राख्दै काम गरेको भएता पनि आफूहरुलाई असफल बनाउनका लागि अख्तीयारमै मुद्दा दायर गरेर अदालत धाउनुपर्ने अवस्था सृजना गरेको उनको गुनासो छ।

वनको आम्दानीको स्रोतको मुख्य पाटो काठदाउरा कटान मात्रै हुँदैन भन्ने ज्वलन्त उदाहरण बनेको छ, बुद्धमंगल महिला सामुदायिक वन । सामुदायिक वनभित्र रहेको बुद्धमंगल ताल बर्दघाट नगरपालिकाको प्रमुख पर्यटकीय स्थल हो । तालको संरक्षण र प्रवर्द्धनका लागि नगरपालिकालगायत अन्य संघसंथाबाट आर्थिक सहयोग आउने गरेको छ । चौतर्फी रुपमै अतिक्रमणमा परेपछि मात्र महिलाको हातमा परेको यो वनलाई अतिक्रमण रोक्नुनै पहिलो प्राथमिकता रहेको बताउँछिन् बुद्धमंगल महिला सामुदायिक वनकी अध्यक्ष गोमा खाती ।

केही सामुदायिक बनहरुले महिला समूह बनाएर सामूहिक जडीबुटी खेती, बेलको जुस उत्पादन, बाँस र वेतका मुढा बनाउने, काम गरी महिलाहरुलाई उद्यमशिलतामा जोड्ने कार्य गर्दै आइरहेका छन्। स्थापनाकालदेखि समूहमा बसेर आफूमा निखारता ल्याउँदै आएका महिलाहरु अहिले समूहको नेतृत्व तहमानै रहेर काम गर्ने गरेका छन्।

पश्चिम नवलपरासीमा रहेका सामुदायिक वनहरुको छाता संगठनको रुपमा रहेको सामुदायिक वन उपभोक्ता महासंघको नेतृत्वमा महिलाकै प्रतिनिधित्व छ ।

» *बाँकी ३ पेजमा*


प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# स्थानीय पाठ्यक्रम अनिवार्य लागु हुनुपर्छ

बालबालिकालाई स्थानीय इतिहास, संस्कृति, भूगोल, सम्पदालगायतका विषयमा जानकारी दिन सरकारले विद्यालय तहमा स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठनको व्यवस्था मिलाएको छ। मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि स्थानीय सरकारलाई स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न जिम्मेवारी भए पनि कार्यान्वयन हुन नसक्दा लक्षित उद्देश्य हासिल हुन सकेको छैन्।

कतिपय पालिकाले पाठ्यक्रम तयार गरेकै छैनन्। कतिपयले तयार गरेका छन्, लागु गर्न सकेका छैनन्। पाठ्यक्रम तयार नगरेका कतिपय पालिका स्थानीय पाठ्यक्रमको महत्वका बारेमा गम्भीर भएको पाइदैन्। स्थानीय पाठ्यक्रम लागु गर्नुको उद्देश्यलाई हेक्का नराखी अघि बढ्नु स्थानीय तहको खेलाँची हो। पाठ्यक्रम राख्न ठिक कि बेठिक भन्ने निष्कर्ष प्रयोग भएपछि निकाल्न सकिन्छ। पाठ्यक्रम लागु नै नगर्नु कमजोरी हो। पाठ्यक्रम तयार नगरेका स्थानीय तहको सूची तयार गरी तत्काल पाठ्यक्रम तयार गर्न र लागु गराउन संघीय सरकारको शिक्षा मन्त्रालयअन्तर्गतको विषयगत कार्यालय सक्रिय हुनुपर्छ। जे-जति स्थानीय तहले पाठ्यक्रम तयार गरी लागु गरेका छन्, ती स्थानीय तहको पाठ्यक्रममा समयानुकुल सुधार गरी गुणस्तरीय पाठ्यक्रम तयार गर्न ध्यान दिनुपर्छ।

पाठ्यक्रम तयार भयो तर गुणस्तरीय भएन भन्ने प्रश्न उठेको छ। पाठ्यक्रम तयार गर्दा विज्ञ समूह बनाउँदा विषयगत प्रतिनिधित्व गर्ने विज्ञहरु सहभागी गराउँदा पाठ्यक्रम ओजिलो तयार हुन्छ। इतिहास, संस्कृति, भूगोल, जनजीवन, कला संस्कृतिका विषयका बारेमा सम्बन्धित विज्ञले तयार गर्ने र ती सामग्रीलाई भाषा र पाठ्यक्रम विज्ञले सम्पादन गरी अन्तिम रुप दिंदा मात्रै ओजिलो बन्ने हो। पाठ्यक्रम विज्ञ समूहमा एउटै प्रकृति र विषयसँग सम्बन्धित व्यक्ति राखेर राम्रो पाठ्यक्रम तयार हुन सक्तैन्।

स्थानीय तहले स्थानीय पाठ्यक्रममा समावेश भएका विषयबस्तु र पाठ्य सामग्रीको अंकभार बीच तारतम्य नमिलेको टिप्पणी भएका बेला जिल्लाभित्रका स्थानीय तह मिलेर स्थानीय पाठ्य सामग्री बनाउन सक्दा अंकभार र पाठ्यसामग्रीबीचको तारतम्य मिल्न सक्छ। पाठ्यसामग्री तयार गर्दा विषयवस्तु समावेश एउटा पाटो हो, विषयवस्तुको प्रस्तुति पनि महत्वपूर्ण हुन्छ। अहिले नमिलेको विषयवस्तु र प्रस्तुतिमा हो।

संघीय शासन प्रणाली स्थापना भएपछि स्थानीय तहमा राजनैतिक नेतृत्व स्थापित भएको सात वर्ष बितिसकेको छ। राजनैतिक नेतृत्वले पहिलो पाँच वर्षे कार्यकाल पूरा गरी दोस्रो कार्यकालको मध्यतिर आइपुगेकोले पाठ्यक्रमको विषयवस्तु र प्रस्तुतिलगायत समग्र पक्षको मूल्याङ्कन गर्ने र परिमार्जन गर्ने सही समय आएको छ।

# गरे हुन्छ, बिग्रेको नगरेर हो !



नगेन्द्रराज पौडेल

*निकै आलोचना खेपेको माओवादीले त विगतको तुलनामा सिट संख्या मात्र होइन, लोकप्रिय मतसमेत बढायो। गत साता सम्पन्न माओवादी स्थायी समिति बैठकमा प्रदेश इञ्चार्जहरूले उप–निर्वाचनले उत्साह थपेको उल्लेख गर्दै जनतासँग प्रत्यक्ष जोडिने कार्यक्रम गर्नुपर्ने धारणा राखे। नेपाली कांग्रेस र नेकपा एमाले विगतका तुलनामा केही खस्केजस्तो देखिए पनि यी दललाई चुनौती दिने गरी स्वतन्त्र वा नयाँ भनिएका दलहरू आउन सकेनन्। दलहरूप्रति जनताको विश्वास ताजा रहेको प्रमाण योभन्दा अरू के चाहिएला ?*

हामीकहाँ एकथरी जमात देखिन्छ, यहाँ केही हुँदैन। सम्भावना केहीको पनि छैन। अर्थात् सो जमातमा व्याप्त निराशा र असन्तुष्टिले देश बर्बाद नै भइसक्यो कि भन्ने भ्रम आम नागरिकमा उत्पन्न हुन्छ। यसैकारण निकै पढेलेखेका र आर्थिक हैसियत मनग्य भएका घरानियाँका सन्ततिहरू पनि विदेश पलायन भएको देखिन्छ। किन विदेश ? भन्दा उनीहरूको एउटै उत्तर आउँछ यहाँ सम्भावना नै छैन। हामी त यसो उसो गुजारा गरौंला, सन्ततिका लागि सुरक्षा छैन। रोजगारीको सम्भावना छैन। यहाँसम्म कि ऐन, नियम कानुन पनि पहुँच हुनेहरूका लागि मात्र छ, अरूका लागि छँदै छैन। कोखदेखि शोकसम्मका हरेक क्रियाकलापमा राज्यसँग चिनिएको छैन भने दुःख दिन्छन्। बिनाभनसुन अस्पतालमा भर्नासम्म हुन पाइँदैन। स्वास्थ्य अधिकार त निकै परको कुरा हो।

तर, त्यो जमातले भनेजस्तो जता पनि निराशा पक्कै छैन। गरे हुन्छ भन्ने उदाहरणका लागि केही उल्लेख्य कामहरू पनि भएका छन्। राज्य सञ्चालकहरूले अलिकति विवेक पुऱ्याइदिने हो भने केही हुन्न भन्ने भाष्यलाई चिर्दै गरेदेखि धेरै हुन्छ भनेर देखाउन सकिन्छ।

**एउटा घटना**

अघिल्लो साता कास्कीस्थित सुइँखेतको एउटा माध्यमिक विद्यालयमा अंग्रेजी पढाउने एक जना शिक्षकले बडो गर्वका साथ यो पंक्तिकारसँग भने, 'मेरो सरुवा भयो नि, पोखराको एउटा नाम चलेकै विद्यालयमा।' मैले भनें, 'यसमा कुनचाहिँ ठूलो कुरा भयो त ?' उनले थपे, 'मैले त्यहाँ पढाएको २० वर्षभन्दा बढी भयो। धेरैपटक सरुवाका लागि पहल गरें, अहँ कसैले सुनेनन्। सरुवाका लागि सोर्स-फोर्स मात्र होइन आर्थिक लगानीसमेत गर्नुपर्ने अवस्थाको म विरोधी थिएँ। यसकारण मेरो सरुवा भएको थिएन। अहिले सजिलै सरुवा भयो, बिनाभनसुन। नियम कानुनका आधारमा सरुवा भयो।'

पंक्तिकारसँग लामो समयसम्म शिक्षाकर्मीको अनुभव थियो। मैले शिक्षक सरुवाको कानुनी प्रावधानतर्फ चियाउन खोजें। यसअघि शिक्षक सरुवाका लागि विद्यालयको सहमति, शिक्षकलाई स्वीकार गर्ने पालिका (गाउँ वा नगर) को सहमति, विद्यालय व्यवस्थापन समितिको निर्णय र छाड्ने विद्यालयको सहमति, पालिकाको सहमति तथा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित सम्बन्धित निकाय (शिक्षा विकास तथा समन्वय एकाइ) मा निवेदन दिनुपर्थ्यो। त्यसपछि भनसुनका लागि विभिन्न शक्तिकेन्द्र धाउनुपर्थ्यो। शिक्षकका पेसागत संस्थाहरूमा पनि कुरा राख्नैपर्थ्यो। शिक्षा नियमावली पनि द्विअर्थी थियो। सरुवा कसैको तजबिजी अधिकार थियो। बाध्यकारी प्रावधान थिएन।

यद्यपि शिक्षा नियमावली आज पनि उही छ। तर, गरौं भन्ने हो भने मापदण्ड तयार गरी निर्देशिका बनाएर सम्बन्धित मन्त्रालयले सहज बनाउन सक्छ भन्ने उदाहरण ती शिक्षकको सरुवा भएको अवस्थाले पुष्टि गर्छ। नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहल प्रचण्डको अघिल्लो सरकारमा शिक्षामन्त्री रहेकी राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सुमना श्रेष्ठको निर्देशनमा शिक्षा मन्त्रालयले निकै समय लगाएर शिक्षक सरुवाको मापदण्ड तय गऱ्यो। नयाँ पार्टी भएकाले उनका भ्रातृ संगठन शिक्षामा सायद थिएनन् होला। यसकारण उनलाई सो मापदण्ड बनाउन सहज भयो। रोक्नका लागि संघ, संघठन जति नै लागे पनि उनले कसैका कुरा सुनिनन्। आफ्नो दलका भ्रातृ संगठन नहुँदाको फाइदा उनले राम्रैसँग उठाइन्। उनकै पहलकदमीमा मन्त्रालयले शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ जारी गऱ्यो। सो निर्देशिकाअनुसार विद्यालयले रिक्त रहेको शिक्षक पदका लागि सम्बन्धित पालिकामार्फत् सूचना गर्ने र सो ठाउँमा आउन चाहने शिक्षकले सम्बन्धित विद्यालय (छाड्ने) को सहमतिसहित निवेदन दिने। यसरी दिइएका निवेदनका आधारमा सबैभन्दा ज्येष्ठ शिक्षकलाई सरुवा गर्नैपर्ने बाध्यकारी व्यवस्था गरियो। सो बाध्यकारी व्यवस्थाअनुसार हालसम्म सुइँखेतका ती शिक्षक मात्र होइन, नेपाल राज्यभरि सयौं शिक्षकहरू लाभान्वित भइसकेका छन्।

मन्त्री श्रेष्ठको सो कदमले केही बिचौलियाहरूको पकेट मनी गुमे होला, सरकारी कामलाई भोलि, भोलि भनी पन्छाउने केही हाकिमहरूको दैलामा चाकडी घटे होला, तर निर्धा, भनसुन गर्न नसक्ने शिक्षकहरूले भने न्याय पाए। कसैलाई नभने पनि, नचिने पनि सरुवा हुँदो रहेछ भन्ने अनुभूति सहजै गर्न पाए। राज्यप्रति गुमेको विश्वास पुनः पलायो। गरे केही हुँदैन भन्ने धारणा पराजित भयो।

घटना सानो होला, किन्तु यसले ठूलै सबक राज्यका अरू निकायलाई पनि सिकाएको छ। सबै निकायमा यस्तै प्रावधान भइदिने हो भने कसैले दुःख पाउने थिएनन्। नियमले काम हुने थियो। सायद, विधिको शासन भनेको यस्तै हुन्छ होला।

**त्रिविको मेरिटोक्रेसी**

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहल प्रचण्डले कुलपतिको हैसियतले त्रिभुवन विश्वविद्यालयको उपकुलपति ज्येष्ठताका आधारमा नियुक्त गर्ने थिति बसाए। उनका पाला उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न एउटा समिति बनाए। उसले सो पदका लागि दरखास्त माग्यो। परेका दरखास्तमध्येबाट मेरिटका आधारमा तीन जनाको नाम सिफारिस गर्ने र यसरी छनोट समितिले सिफारिस गरेकामध्येबाट कुलपति नियुक्त गर्ने मापदण्ड बनाइयो। यही मापदण्डका आधारमा दोस्रो नम्बरमा सिफारिस भएका प्रा.डा. केशरजङ बराल वर्तमान त्रिविका कुलपति छन्।

अघिल्लो साता सम्पन्न त्रिवि सभामा कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले उपकुलपतिलाई निर्देशन दिँदै विश्वविद्यालयले नियुक्त गर्ने विभिन्न संकायका डिनलगायत क्याम्पस प्रमुख र अन्य पदाधिकारीहरू पनि सबै मेरिटोक्रेसीका आधारमा नियुक्त गर्न सुझाए। प्रधानमन्त्रीले थपे 'मेरिटोक्रेसी साँच्चैको होस्।' उपकुलपति डाक्टर बरालले अबको नियुक्तिमा पूरै मेरिटोक्रेसी लागू गरिने र दुई नम्बरमा परेर नियुक्त भएकामा बेलाबेलामा आफूमाथि केही व्यक्तिले व्यङ्ग्य गरेको भन्दै अब आफू दुई नम्बरमा पनि नजाने बताएका छन्। यद्यपि सिफारिस समितिले नाम सिफारिस गरेका तीन जनामध्ये एक जनालाई नियुक्त गर्न सकिने प्रावधान छ। सोही प्रावधानबमोजिम दुई नम्बरमा सिफारिस गरिएका डा.बराल उपकुलपति नियुक्त भएका थिए।

साँच्चै अबका दिनमा तत्कालीन प्रधानमन्त्री प्रचण्डद्वारा सुरुआत गरिएको मेरिटोक्रेसी प्रधानमन्त्री ओलीले भनेझैं साँचो रूपमा लागुगरिएको खण्डमा विश्वविद्यालयमा दलीय छाया क्रमशः हराउँदै जानेछ। विश्वविद्यालयका पदाधिकारीहरू दलका कार्यकर्ता नभई प्राज्ञ रहेछन्। अब नियुक्त गर्ने पदाधिकारीका लागि उपकुलपति बरालले भनेझैं दुई नम्बरी भन्ने गुनासो पनि नआउने गरी नियुक्त गर्न सक्नुपर्छ। त्यो आँट र हिम्मत भने उपकुलपतिले देखाउन सक्नुपर्छ।

**उज्यालो नेपाल**

जेसुकै कारणले भए पनि केही वर्षअघि हाम्रो देशमा दैनिक १८ घण्टासम्म लोडसेडिङ भोग्दै आइएको यथार्थ कसैबाट पनि छिपेको छैन। असार, साउनको वर्षायाममा पनि लोडसेडिङ बेहोरेका हामीले एक्कासि कुलमान घिसिङ विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक भएर आएपछि प्रचण्ड सरकारका तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्मासमेतको नेतृत्वमा लोडसेडिङ अन्त्य मात्र भएन, अहिले हामी विदेशमा समेत विद्युत् बेच्न सामर्थ्य राख्ने भयौं। यद्यपि यसका लागि प्रचण्ड पूर्ववर्ती सरकारको नीति तथा पूर्वाधारले पनि काम गरेको हुन सक्छ। जे होस्, १८ घण्टा अँध्यारोमा बस्न आदत परेका हाम्रा लागि घिसिङको कार्यकाल सम्झनलायक बन्यो। गरे हुँदो रहेछ भन्ने आभाष यो घटनाले दियो।

**दलको विकल्प दल**

केही बेथिति, केही असावधानी र केही जिम्मेवारीबोध नहुनाका कारण यतिबेला दलहरूप्रति नागरिकहरूको नकारात्मक भाव पैदा भएको छ। आम नागरिकमा दलहरूप्रति वितृष्णा उत्पन्न गराउन खोज्ने काम केही दलहरूबाट पनि भएको छ। नागरिकमा उत्पन्न असन्तुष्टिको कारक वर्तमान राज्य व्यवस्था र खासगरी दल तथा गणतन्त्रलाई दिइएको देखिन्छ। धमिलो पानीमा माछा मार्न यो बेला राजावादी दल राष्ट्रिय प्रजातन्त्र पार्टीले राजतन्त्रको पुनःस्थापनाको अजेन्डा अघि सारेको छ। मेडिकल व्यवसायी दुर्गा प्रसाईंले त राजा ल्याएरै छाड्ने उद्घोष गरेका छन्। यद्यपि उनी अहिले साइबर अपराधसम्बन्धी कसुरमा प्रहरी हिरासतमा छन्।

व्यवस्थाविरोधी प्रचार भइरहेको अवस्थामा गत १६ मंसिरमासम्पन्न स्थानीय तहको उपनिर्वाचनमा पुराना दलहरूले नै बर्चस्व देखाउन सफल भए। निकै आलोचना खेपेको माओवादीले त विगतको तुलनामा सिट संख्या मात्र होइन, लोकप्रिय मतसमेत बढायो। गत साता सम्पन्न माओवादी स्थायी समिति बैठकमा प्रदेश इञ्चार्जहरूले उप-निर्वाचनले उत्साह थपेको उल्लेख गर्दै जनतासँग प्रत्यक्ष जोडिने कार्यक्रम गर्नुपर्ने धारणा राखे। नेपाली कांग्रेस र नेकपा एमाले विगतका तुलनामा केही खस्केजस्तो देखिए पनि यी दललाई चुनौती दिने गरी स्वतन्त्र वा नयाँ भनिएका दलहरू आउन सकेनन्। दलहरूप्रति जनताको विश्वास ताजा रहेको प्रमाण योभन्दा अरू के चाहिएला ? एउटा दलको विकल्पमा अर्को दल रोज्न पाउनु नागरिकको नैसर्गिक अधिकार नै हो। जसको प्रयोग सो उपनिर्वाचनमा मजैसँग गरियो। दलप्रति नागरिकको मन नमरेको दृष्टान्त हो यो।

यतिबेला पुराना दलहरूले सो उप-निर्वाचनको परिणाम समीक्षा गरिरहेका छन्। स्थानीय तह उपनिर्वाचनको समीक्षा गर्दै दलहरूले मतदाताकेन्द्रित कार्यक्रम बनाउन थालेका छन्। सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेले राजनीतिक अभियान चलाउने निर्णय गरेका छन्। विपक्षी दल नेकपा माओवादी, एकीकृत समाजवादी र जनता समाजवादी नेपालले पनि गत शुक्रबार सम्पन्न आ-आफ्ना पार्टी बैठकमा जनतासँग प्रत्यक्ष जोडिने कार्ययोजना बनाउने निष्कर्ष निकालेका छन्। नेकपा माओवादी गत २०७९ को निर्वाचनमा भन्दा यसपटक आफ्नो अवस्था सुध्रिएको निष्कर्षमा पुगेको छ भने कीर्तिपुर र काठमाडौं १६ को मत परिणामका आधारमा नेकपा एमालेले सहरी मतदाताप्रति सम्बन्ध सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ। एकीकृत समाजवादीको स्थायी कमिटी बैठकले उप-निर्वाचनमा निराशाजनक नतिजा पाएको उल्लेख गर्दै पार्टी निर्माणका लागि आन्दोलनमा जोड दिएको छ। एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले लिखित प्रस्ताव राख्दै आन्दोलनबाट पार्टी निर्माण गर्नुपर्नेमा जोड दिएका छन्। जसपा नेपालको केन्द्रीय कार्यकारिणी बैठकले 'जनतासँग जसपा' अभियान र उपनिर्वाचनको समीक्षा गरेको छ।

निष्कर्षमा भन्नुपर्दा पहिलो, दोस्रो वा तेस्रो रोजाइ विभिन्न अवस्थामा विभिन्न पार्टी परे पनि अन्ततोगत्वा मतदाताहरूले दलीय विकल्प नखोजेको प्रस्ट देखिन्छ। तसर्थ हिजो निरंकुश राजतन्त्र फ्याँकी गणतन्त्रका लागि अहोरात्र खटेका माओवादीलगायतका दलहरूले आफ्ना कार्यशैलीमा सुधार गरी देश र जनताका हितमा काम गर्न सकेको खण्डमा मतदाताको मन सजिलै जित्न सक्छन् भन्न सकिन्छ। यसका लागि शान्ति, सुशासन र भ्रष्टाचारविरुद्ध निर्मम हुन जरुरी छ। कानुनी शासनको प्रत्यायभूत गर्न जरुरी छ। तेरो र मेरो नभनी निष्पक्ष कार्यसम्पादन गर्न जरुरी छ। यति हुन सकेमा गर्नुपर्छ, गरेमा केही हुन्छ, नगर्ने हो भने थप बर्बादी हुन्छ भन्ने सन्देश प्रवाहित हुन्छ।

राजधानीबाट

# बाँकेमा धान उत्पादनमा वृद्धि



राँझा (बाँके)। बाँकेमा गत वर्षको तुलनामा यसवर्ष धानखेती गर्ने क्षेत्रफल घटे पनि उत्पादन भने बढेको छ।

यस वर्ष ३४ हजार पाँच सय दुई हेक्टर जमिनमा बर्खे धानखेती गरिएकोमा एक लाख ५१ हजार आठ सय आठ दशमलव ८० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत अनिश श्रेष्ठले जानकारी दिए।

उनका अनुसार बाँकेमा यस वर्ष प्रतिहेक्टर धानको उत्पादकत्व चार दशमलव चार मेट्रिकटन रहेको थियो। गत वर्ष बर्खे र चैते धान गरी ३४ हजार छ सय ७५ हेक्टर जमिनमा धानखेती गरिएको थियो। जसबाट एकलाख ४५ हजार छ सय ५३ मेट्रिकटन धान उत्पादन भएको थियो। गतवर्षको चैते र बर्खे धानभन्दा यस वर्ष चैतेबाहेक बर्खेधानको उत्पादनै एक लाख ५१ हजार आठ सय आठ दशमलव ८० मेट्रिकटन भएको छ।

गत आवभन्दा यसवर्ष चार दशमलव २४ प्रतिशतका दरले धान उत्पादनमा वृद्धि भएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार सिञ्चित क्षेत्र विस्तार, हाइब्रिड जातको खेतीमा वृद्धि, बीउ प्रतिस्थापन दर वृद्धि र उपयुक्त मौसमका कारण धान उत्पादनमा वृद्धि भएको श्रेष्ठले जानकारी दिए।

गत वर्ष ३४ हजार छ सय ७५ हेक्टरमा धानखेती भएकोमा यस वर्ष ३४ हजार पाँच सय दुई हेक्टर जमिनमा धान रोपाइँ भएको थियो। बाँकेमा ३५ देखि ४० हेक्टर जमिनमा चैते धान खेती हुने गरेको छ। यस वर्ष बेलैमा पानी परेकाले धान उत्पादन बढेको सूचना अधिकारी श्रेष्ठको भनाइ छ।

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी श्रेष्ठले भने-"यस वर्ष समयमा पानी परेपछि धान उत्पादनमा वृद्धि भएको छ, यसैगरी सिक्टा सिँचाइ आयोजनाबाट किसानले लाभ पाएका छन्।" बाँकेमा सिक्टा सिँचाइलगायत विभिन्न योजनाबाट गरी २५ हजार एक सय १५ दशमलव ३० हेक्टर जमिनमा मात्रै सिँचाइ हुने गरेको छ। करिब १० हजार हेक्टर जमिनमा आकाशे पानीको भरमा किसानले धानखेती गरिरहेका छन्।

# भिजाएको चनाको फाइदाहरू

भिजाएको चना बिहानै खाँदा स्वास्थ्यलाई एकदमै राम्रो गर्छ। चनामा प्रोटिन, फाइबर, लवण तथा भिटामिनहरु प्रशस्त मात्रामा पाइन्छ, जसले शरीरलाई स्वस्थ राख्न मद्दत गर्नुका साथै विभिन्न रोगहरुबाट पनि बचाउने गर्दछ। चना हरेक उमेर तथा लिंगका मानिसहरुका लागि लाभायक हुन्छ। त्यसमा पनि पुरुषहरुका लागि हरेक दिन बिहान भिजेको चना खानु निकै महत्वपूर्ण तथा लाभदायक मानिन्छ।

**भिजेको चना खानुको फाइदाहरू:**

१. चनामा पर्याप्त मात्रामा फस्फोरस लवण पाइन्छ, जसले हेमोग्लोबिनको मात्रा बढाउँदछ। साथै मृगौलालालाई समेत स्वस्थ राख्न सहयोग गर्दछ।

२. रगतमा कोलेस्ट्रोलको मात्रा नियन्त्रण गरी मुटुलाई स्वस्थ राख्न तथा मुटु र रगतसम्बन्धी समस्याबाट जोगाउन पनि चनाले सहयोग गर्दछ।

३. भिजाएको चना नियमित खानाले शरीरमा मेटाबोलिज्म अर्थात् उर्जाको दहन तिब्र बन्दछ। जसका कारण रगतमा चिनीको मात्रा नियन्त्रण हुने र मधुमेहबाट जोगिन सहयोग पुग्दछ।

४. भिजाएको चना उर्जाको ठूलो श्रोत हो, जसको नियमित सेवनले कमजोरीबाट मुक्ति पाइन्छ।

५. भिजाएको चनामा धेरै फाइबर पाइन्छ। यसले पाचन क्रियालाई सन्तुलित पार्दछ र कब्जियत पनि हटाउँदछ।

६. हरेक दिन बिहान कम्तिमा १ मुठी भिजेको चना



खाने गर्नुस्। यसले प्रजनन् क्षमता तथा शुक्रकिटको गुणस्तर तथा संख्या बढाउँदछ। भिजेको चनालाई महमा मिलाएर खानाले प्रजनन् शक्ति तथा यौन क्षमता पनि बढाउँदछ।

७. शरीरको वजन वृद्धि गर्न, मांशपेशी बढाउन तथा ससक्त बनाउन पनि चनाको नियमित सेवन गर्नुपर्दछ।

८. भिजेको चनाको नियमित सेवनले सरीरमा रोगप्रतिरोधी क्षमता बढाउनुका साथै रुघाखोकीको समस्या पनि कम गर्दछ।

९. पटक पटक पिसाब गइरहनुपर्ने तथा पाइल्सको समस्या छ ? यदि त्यसो हो भने नियमित रुपमा रहेक बिहान भिजेको चना खाने गर्नुस्।

१०. छालालाई स्वस्थ राख्नका लागि तथा चिलाउने, दाद, धब्बा जस्ता समस्या कम गर्नका लागि पनि नियमित रुपमा भिजेको चना खाने गर्नाले फाइदा पुग्दछ।

११. चना आइरनको राम्रो श्रोत हो। भिजाएको चना नियमित रुपमा खानाले रक्तअल्पताको समस्याबाट बच्न सकिन्छ।

-एजेन्सीको सहयोगमा

### दोस्रो वडाकप क्रिकेट

# उपाधि नव युवा दुर्गा क्लबलाई

भैरहवा । रुपन्देहीको सिद्धार्थनगर २ मा भएको वडास्तरीय दोस्रो टेनिसबल क्रिकेट प्रतियोगिताको उपाधि नव युवा दुर्गा क्लबले जितेको छ ।

सिद्धार्थनगर नगरपालिका २ नम्बर वडा कार्यालय, रुपन्देहीको आयोजनामा भएको प्रतियोगितामा भण्डीबजारलाई २ रनले पराजित गर्दै विजेताको उपाधि जितेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा शनिबारको फाइनल खेलमा सुरुवाती व्याटिङ गरेको नवयुवा दुर्गाले निर्धारित १२ ओभरमा ४ विकेट गुमाउँदै १०७ रन जोडेको थियो । जसका लागि दिपचन्द शर्माले एकलै ८१ रनको योग्दान गरे पनि अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेका थिएनन । वलिङतर्फ भण्डीबजारका अर्जुनले १ विकेट लिए ।

१०८ रनको लक्ष्य पाएको भण्डीबजारले सबै ओभर खेल्दै ७ विकेटको क्षतिमा १०६ रन मात्र जोड्न सकेको थियो, लक्ष्य पार गर्न नसकेपछि भण्डीबजार उपविजेता बन्न सक्यो । भण्डीबजारका लागि सुमित बासफोरले ३२, सन्देश शाक्यले २३ र अभय थापाले २२ रनको योग्दान गरे । बलिङतर्फ राहुल गुप्ताले ३, सत्यदेव वनिया र बृजेश यादवले १-१ विकेट लिए । खेलको प्लेयर अफ द म्याचबाट नवदुर्गाका दिपचन्द शर्मा घोषित भएको खेल संयोजक तथा वडासदस्य राजकुमार यादवले जानकारी दिए ।

यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडी नवयुवाका राहुल गुप्ता, उत्कृष्ट व्याटर नवयुवाकै दिपचन्द शर्मा, उत्कृष्ट बलर भण्डीबजारका राहुल थापा भए । खेलका विजयी खेलाडीहरुलाई सिद्धार्थनगर नगरपालिका ११ नं. वडाका अध्यक्ष दिलीप यादवले पुरस्कृत गरे । सो अवसरमा बोल्दै उनले प्रतिस्पर्धाका लागि मात्रै नभई खेल स्वास्थ्यका लागि अतिआवश्यक रहेको बताए, रुपन्देही क्रिकेटको उर्वरभूमि रहेकोले नगरमा खेलको विकासका लागि स्थानीयस्तरबाट नै खेललाई महत्व दिँदै प्रतियोगिताहरु हुँदै आएको बताए ।

स्थानीय खेलाडीहरुको प्रोत्साहन, वडास्तरबाट क्रिकेटको विकास गर्दै यस क्षेत्रको पहिचानका लागि प्रतियोगिता आयोजना गरिएको सिद्धार्थनगर नगरपालिका वडा नं. २ का अध्यक्ष छेदीलाल श्रीवास्तवले बताए । ५ टीमको सहभागिता रहेको प्रतियोगितामा जितसँगै विजेताले २५ हजार र उपविजेताले २० हजार नगदसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन् ।

# पर्यटन क्षेत्रको विकासका लागि बौद्ध सर्किट र लुम्बिनी सर्किट

देवदह । पर्यटन क्षेत्रको विकासका लागि बौद्ध सर्किट र लुम्बिनी सर्किटको अवधारणा अघि सारेको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बताएका छन् । उनले रुपन्देही, कपिलवस्तु र नवलपरासीलाई पर्यटनको माध्यमबाट जोड्ने गरी प्रदेश सरकारले गुरुयोजना निर्माण गरिरहेको जानकारी दिए । रुपन्देहीको देवदह-६ गौतमबुद्ध राष्ट्रिय उद्यानमा भएको पार्क महोत्सव तथा स्मारिका विमोचन कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेशका १२ जिल्लालाई लुम्बिनी सर्किटमा जोड्ने गरी सरकारले अवधारणा अघि सारेको बताए ।

'प्रदेश सरकारले बृहत्तर लुम्बिनी पर्यटन सर्किटको अवधारणालाई समेत प्राथमिकतामा राखेको छ । तीन जिल्लालाई बौद्ध सर्किट र सिंगो प्रदेशलाई लुम्बिनी सर्किटको आधारमा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकारले बौद्ध सर्किटको गुरुयोजना बनाउँछ । तिलौराकोटदेखि नवलपरासीको रामग्रामसम्मका सम्पदाहरुलाई जोड्ने गरी पर्यटन पूर्वाधार निर्माण गरिनेछ ।' पर्यटकीय स्थलहरुलाई आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेगरी अघि बढाउन आवश्यक रहेको बताउँदै मुख्यमन्त्री आचार्यले पर्यटकहरुलाई तान्न विभिन्न क्षेत्रमा पार्कहरु निर्माण गर्न आवश्यक रहेको औंल्याए ।

उनले सिमेन्टबाट बन्ने संरचनालाई निरुत्साहित गर्दै स्थानीय सामग्री प्रयोग गरेर कलात्मक आकृती दिनुपर्ने सुझाब दिए । गौतमबुद्ध राष्ट्रिय उद्यानमा जुन कलात्मक सृजना देखियो यसलाई व्यवस्थित गरेर जानु पर्ने बताउँदै उनले त्यसको लागि प्रदेश सरकारले सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरेका थिए ।

मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माणदेखि कार्यक्रम तर्जुमा गरेर कार्यान्वयनमा लगेको जानकारी दिए । बर्दियामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न घुम्न जाउँ बर्दिया अभियान सञ्चालन गरेको बताउँदै अब देवदहमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्रचारप्रसार अभियानलाई तिव्र पार्न उनले आह्वान गरे । सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले सामुदायिक वनको माध्यमबाट देवदहको पर्यटकीय क्षेत्रको विकास गर्न सकिने बताए । उनले देवदह क्षेत्रमा रहेका ऐतिहासिक स्थलहरुको उत्खनन् र संरक्षण गर्नु पर्छ भनेर नगरपालिकाले बजेटको समेत व्यवस्था गरेको बताए । उनले लुम्बिनी आउने पर्यटकहरुलाई देवदह भित्र्याउन आवश्यक रहेको बताउँदै देवदहलाई पर्यटकीय सर्कितको रुपमा गर्न सरनवारीमा पदमार्गको काम शुरुवात गरेको बताए ।

कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै बुद्ध सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष टेकबहादुर रानाले काष्ठकलाबाट निर्मित बुद्धका मूर्तिहरु उद्यानमा राखएको जानकारी दिए । उनले देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पार्क महोत्सवले टेवा पुऱ्याउने जनाए । गौतमबुद्ध राष्ट्रिय उद्यानमा वार्षिक रुपमा एक लाख पर्यटक आउने गरेको उनले जानकारी दिए । कार्यक्रममा मुख्यमन्त्री आर्चायले बुद्ध सामुदायिक वन उपभोक्ता समूहले प्रकाशन गरेको बुद्ध स्मारिका समेत विमोचन गरेका थिए । कार्यक्रममा काष्ठकलाका मूर्तिकारहरुलाई सम्मान गरिएको थियो ।

समूहका अध्यक्ष टेकबहादुर रानाको अध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन विडारी, मूर्तिकार गोविन्द चौधरीलगायतले आ-आफना भनाइ राखेका थिए । पार्क महोत्सवमा लोक गायक श्याम राना, शिरिष देवकोटा तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुति रहेको थियो । समूहका उपाध्यक्ष थमनसिं गुरुङ्गको स्वागत र लेखा संयोजक सन्तोष भट्टराई र विनिता थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

**लुम्बिनी...**

यस्तै टोलीले रुपन्देहीमा रहेको बाल सुधार गृहको समेत अनुगमन गरेको छ । कारागारमा क्षमतभन्दा बढी कैदी बन्दी रहेकाले कारागारको पूर्वाधार थप गर्नुपर्ने देखिएको र सरकारलाई यस बारेमा जानकारी दिइने मुख्य न्याधिवक्ता यमलाल खनालले बताए । 'सबै जसो कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी राखिएको छ, जसले गर्दा कारागार अव्यवस्थित छन्,' खनालले भने-'कारगार व्यवस्थित बनाउन र कैदीको मानवअधिकार सुनिश्चित गर्न थप कारागार भवन बनाउन जरुरी छ,बालसुधार गृहमा कर्मचारी जनशक्ति समेत अभाव छ ।'

कैदीवन्दीहरुको मानव अधिकारको सरक्षण, स्वास्थ्य सेवा, खानेपानी र सुलभ शौचालयको प्रवन्ध, खानपानको गुणस्तर र पोषण अनिवार्य सुनिश्चित गर्नुपर्ने देखिएको खनालले बताए ।

कैदीवन्दीहरुको पुनःस्थापना र पुनः सामाजिकरणकालागि सञ्चालन गरिएका तालिम, सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन टोलीले निगरानी गरेको छ । कारागार अनुगमनले कारागार व्यवस्थापनलाई सुधार गर्न र न्यायिक प्रणालीलाई थप प्रभावकारी बनाउन मद्धत पुग्ने मुख्य न्याधिवक्ता खनालले बताए ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका सर्तसम्बन्धी ऐन, २०७५ मा प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाउपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने प्रावधान रहेको छ । सोही ऐनले तोकेको जिम्मेवारी अनुसार कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरिएको हो ।

**महिलाको...**

सामुदायिक वन उपभोक्ता समूहमा लामो समय काम गरेको अनुभव संगाल्दै सारदा पोखरेलले नेतृत्व समालिरहेकी छन् । काम गर्नै क्रममा गर्व लाग्ने उनको भनाइ छ । उनी भन्छिन्-'महिलाको नेत्रित्वमा काम गर्न कठिनाइ पनि रहेको छ । ठाउँमा गरिएका कुराको सुनुवाइ नहुँदा अप्ठ्यारो हुने गरेको छ । महिलाहरुले नेतृत्व गरेको ठाउँमा पारदर्शिता रहेको छ ।' कतिपय सरकारी निकायमा गएर कुरा राख्दा सुनुवाइ नहुने गरेको उनको भोगाइ छ । तपाईंहले आफूले गरेका कामबाट कतिको सन्तुष्ट कति हुनुहुन्छ ? भनेर प्रतिप्रश्न राख्ने खालका भोगाइ रहेको उनी बताउँछिन् । पुरुषहरुले बढी हाउभाउ गर्ने भएता पनि महिलाहरुले नेतृत्व गरेको ठाउँमा आर्थिक पाटो भने चुस्त दुरुस्त रहने गरेको पोखरेलको भनाइ छ ।

महिलाहरुले नेतृत्व गरेका सामुदायिक वनहरु राम्रोसँग सञ्चालन भैरहेको बताउँछन्, सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य कमल परियार । सुशासन सहभागितामूलक नेतृत्व विकास जल जमिन र जंगलमा महिलाको स्वामित्व हुनुपर्छ भन्ने अवधारणाका साथ अगाडि बढेको उनको भनाइ छ । महिलाहरुले चाहेमा घरमै बसेर जंगलको संरक्षण गर्न सक्ने सामर्थ्य राख्ने भएकोले बन संरक्षणमा महिलाको भूमिका अग्रणी रहेको परियार बताउँछन् । उनी भन्छन्-" सामुदायिक वनभित्रका नाङ्गा डाँडाहमा बिरुवा रोप्ने, संरक्षण र हुर्काउने कार्यमा सबैभन्दाबढी महिलाहरुनै सहभागी जनाउँदै आइरहेको र आगलागीका कारण वन क्षति हुँदा गाग्रीमा पानी लगेर वनमा आगो लाग्दा निभाएर वन बचाएका इतिहास अहिले पनि जीवितै छ ।"

पुरुषहरुमा धेरै स्वार्थको लडाइ हुने, तर महिलाहरु इमान्दार र निस्पक्ष भएर पारदर्शी रुपमा काम गर्ने भएकोले कतिपय ठाउँमा पुरुषहरु नेतृत्व लिन तयार नभएर महिलाले नेतृत्व समालेपछि सफल व्यवस्थापन भएका उदाहरण रहेको परियार बताउँछन् ।

सुनवल १२ भूमहीकी सुमित्रा भट्टराई सामुदायिक वन उपभोक्ता समूहमा रहेर काम गर्न लागेको धेरै समय भैसक्यो । उनी हाल बाबा बर्दगोरिया सामुदायिक वनको सचिव छिन् । घरभित्रै सीमित हुने महिलालाई घरको काम सकेर सामाजिक कामको लागि समय व्यवस्थापन गर्नु आफैंमा चुनौतपूर्ण रहेको उनी बताउँछिन् । महिलाहरु नेतृत्वमा आउनु गौरवको कुरा भएको उनको बुझाइ छ । उनी भन्छिन्-'महिलाहरु नेतृत्वका लागि सक्षम छन्, तर पुरुष नै हुनुपर्छ भन्ने मानसिकताका कारण महिलाहरु निरिह हुन्छन्, कमजोर हुन्छन् भन्ने मानसिकताले गर्दा आत्मबलको अभाव छ ।'

वनसंग पुरुषभन्दा महिलाकै बढी सम्बन्ध हुने उनी बताउँछिन् । घरमा रहने महिला पनि घाँस दाउरा, स्याउला, पात पतिङ्गर लिन जंगल जानैपर्ने हुनाले पनि बनको माया महिलालाई बढी हुने भट्टराईको भनाइ छ ।

**योजनाको स्थायित्व र निरन्तरको अभाव**

सुरुवाती चरणमा उद्यमशिलताको विकासलाई प्राथमिकता दिएका सामुदायिक बनहरुले नेतृत्व परिवर्तन भएसंगै त्यस्ता कार्यलाई प्राथमिकता नदिँदा कतिपय सामुदायिक वनमा सञ्चालित योजनाहरुले गति लिन नसकेकोमा भने महिला दिदीबहिनीहरुको गुनासो छ । बर्दघाट २ चिसापानीमा रहेको चिसापानी सामुदायिक वन नमूना वनको उपाधि पाइसकेको वन हो । यस वन समुहमा आबद्ध महिला दिदीबहिनीहरुको आर्थिक अवस्था सुधार र नेतृत्व विकासका लागि महिला समूह गठन गरी जडीबुटी खेती गरिँदै आएको थियो । जडीबुटीको प्रशोधनका लागि सामुदायिक वनलेनै प्लान्ट सञ्चालनमा ल्याएको थियो । जडीबुटी खेती सुरु गरेको केही वर्ष उत्पादन पनि राम्रो भएको र त्यबाट राम्रै आर्थिक आम्दानी गरिए पनि अहिले त्यसले निरन्तरता पाउन नसकेको लालिगुराँस जडीबुटी समूहकी अध्यक्ष माया परियार बताउँछिन् ।

सामुदायिक वनमा नेतृत्व परिवर्तन भएसंगै पछिल्लो समय जडीबुटी खेती र प्रशोधनको पाटोलाई प्राथमिकता नदिँदा अहिले समूहले सोचेजस्तो काम गर्न नसकेको उनको भनाइ छ । हाल बाहिरबाट अम्लीसो मगाएर समूहमा आबद्ध महिला दिदीबहिनीहरुले कुचो तयार गरी बिक्रीवितरण गर्ने गरेको तर यसमा सामुदायिक वनको तर्फबाट कुनै सहयोग प्राप्त नभएको उनको गुनासो छ ।

चिसापानी सामुदायिक वनमा जडीबुटी प्रशोधन केन्द्र सञ्चालनमा आएसँगै अन्य सामुदायिक वनहरुले पनि महिलाहरुलाई समूह बनाएर जडीबुटी खेतीमा आबद्ध बनाएका थिए । तर यो योजनाले लामो समय निरन्तरता पाउन सकेन ।

सामुदायिक वनको नेतृत्व आवधिक हुने भएकोले निश्चित अवधीपछि नेतृत्व परिवर्तन हुने र नेतृत्व गर्ने व्यक्तिको सोंच र ईच्छा शक्ति फरक फरह हुने हुँदा कतिपय विगतमा असल सुरुवात गरिएका योजनाहरुले निरन्तरता पाउन नसकेको महिलाहरुको गुनासो छ ।

सामुदायिक वन समूह र सरकार बिच पछिल्लो समय द्वन्द्वको अवस्था सिर्जना हुँदा स्थानियर सरकारले पनि सामुदायिक वनसंग सहकार्य गरी महिला उद्यमशिलताका क्षेत्रमा काम गर्न सकिरहेका छनन् । सामुदाकिय वनलाई उत्पादनसँग जोडेर नागरिकको जीवनस्तर उकास्ने र आर्थिक समृद्धि हासिल गर्ने आवाज भाषणमा मात्र सीमित हुने गरेको छ ।

वैदेशिक रोजगारमा जाने लहरका कारण वनमा पहिले जस्तो जनसहभागिता अहिले नरहेको बताउँछन् डिभिजन वन कार्यालय प्रमुख जिवन पंगेनी । महिलाहरु समुहमा आबद्ध भएर साना तथा मझैला उधोगहरु सञ्चालन गर्नु राम्रो तर आर्थिक स्रोत सामुदायिक वनमा मात्रै रहेको हुँदा डिभिजन वन कार्यालयबाट उचित सहयोग गर्न नसकिएको उनको भनाइ छ । सामुदायिक वनले सामाजिक उत्तर दायित्वअन्तर्गत शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा खर्च गरेता पनि सरकारलाई कर तिर्न गुनासो मान्ने गरेको बताएका छन् । २०५२ सालमा सामुदायिक वन उपभोक्ता समूह गठन भएदेखि नै नवलपरासीमा गठित उपभोक्ता समूहहरुले महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै आएका छन् । स्थापना कालदेखि नै समूहमा ५० प्रतिशत महिलाको सहभागिता गराउँदै आएका छन् ।

सामुदायिक वनको २९ वर्षे यात्रामा सामुदायिक वन समूहमा रहेर काम गरेका धेरै महिलाहरु समाजका अन्य संघ संस्थाको नेतृत्व गर्न र सामाजीक नेतृत्वको रुपमा स्थापित भएका छन् । कतिपय महिलाहरु राजनितिक नेतृत्वमा पनि अगाडि बढेका छन् । सामुदायिक वन समूहको मुख्य भूमिका वन संरक्षणसंग जोडिएको भए पनि यसले महिलको नेतृत्व र क्षमता विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

सरकारी स्तरबाट वनको संरक्षण सम्भव नभएपछि वनबाट लाभ लिने उपभोक्ताहरुलाई संगठित गरी सामुदायिक वनको धाराणामा वन संरक्षणको कदम अगाडि बढाएसंगै वन संरक्षणको क्षेत्रमा राम्रो नतिजा आउन थालेको हो ।

सामुदायिक वनले वन संरक्षणसंगसंगै उपभोक्ताहरुको जीवनस्तर उकास्न र नेतृत्व विकासका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

## तिलोत्तमा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

**विषयः बोलपत्र स्वीकृत गर्ने आसयको सूचना ।**

प्रकाशित मितिः २०८१।०९।०७

यस तिलोत्तमा नगरपालिका, रुपन्देहीको चालु आ.ब.०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट तपशिलका कार्य गर्नको लागि मिति २०८१/७/२८ गते प्रथम पटक प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार उक्त कार्यको लागि पेश भएका बोलपत्रहरु मध्ये यस कार्यालयको मूल्यांकन समितिको निर्णयानुसार तपसिल बमोजिमका बोलपत्र स्वीकृतको लागि सिफारिस भएको हद्रँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२)कोप्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | NCB /TM/G/04 /081-082 | Shree A One Pharma Butwal. | औषधि तथा सर्जिकल सामाग्री खरिद तथा ढुवानी कार्य | २४६६२९९/ |

## Sainamaina Municipality
### Office of Municipal Executive
### Buddhanagar, Rupandehi

# Invitation for Bids

Date of publication: 2081-09-07

1. Sainamaina Municipality invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office ofSainamaina Municipality, Buddhanagar, Rupandehi. Mailing address: sainamainamunicipality@gmail.com, telephone number: 071-440553or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.3000, in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha
   Name of Office: Sainamaina Municipality Office
   Office Account no.: Internal Revenue Account
   A/C No. 0414201659915011
4. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2081-09-26.
5. Electronic bids must be submitted to the office Sainamaina Municipalitythrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noon on 2081-10-08. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2081-10-08at the office of Sainamaina Municipality. Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost(Without VAT and Cont) | Bid Security(Rs.) | Cost of Bid Document(Rs) |
|---|---|---|---|---|
| NCB/12/081-82 | Construction of Basic Health Center Building at Ward 11 | Rs.67,70,253.87 | 2,05,000 | 3000 |

Chief Administrative Officer


**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# कालिका मानवज्ञान माविले बाढ्यो १ करोड ३० लाख को छात्रवृत्ति




बुटवल । कालिका मानवज्ञान माविको ६४औं वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति वितरण सथा सम्मान कार्यक्रम गरिएको छ । वार्षिकोत्सवको पाँचौं दिन कालिका मानवज्ञान मावि सेक्टर २ रामनगरमा छात्रवृत्ति वितरण तथा सम्मान कार्यक्रम आयोजना गरी २ सय बढीलाई छात्रवृत्ति प्रदान गरिएको छ । विभिन्न दाताहरुले स्थापना गरेको १ करोड ३० लाख रुपैयाँ बराबरको रकमबाट गरेको ६२ प्रकारका छात्रवृत्ति प्रदान गरिएको हो ।

छात्रवृत्ति वितरण तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका सभामखु तुलाराम घर्तीमगरले मान्छेको क्षमता राम्रो क्षेत्रमा प्रयोग गर्नु पर्ने बताएका थिए । नेतृत्वले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह गरेर उदाहरण पेश गरेको एउटा नमूना कालिका मानवज्ञान मावि भएको भन्दै उनले कालिकाबाट अन्यले धेरै कुरा सिक्न बाँकी रहेको बताए । उनले भने-'मान्छेले इमान बिर्सन हुँदैन, इमानलाई दृणतापूर्वक बचाउने हो भने एक दिन सफल भइन्छ ।'

मानिसलाई चाहिने उर्जा भनेको स्वाभिमान भएको भन्दै उनले मानिसमा इमान र स्वाभिमान ओरालो लागिरहेको बेलामा कालिकाले संकटको घडीमा स्वाभिमान जोगाउन सफल भएको बताएका थिए ।

निश्चित गन्तव्य चिन्न नसक्ने मानिस सफल नहुने भन्दै सभामुख घर्तीले अनुशासन, गन्तव्य, कर्तव्यबोधका साथ जो कोही पनि सफल हुनुपर्ने बताएका थिए । हाम्रो नेपाली समाजमा ४०% धारा इमानदारिता गर्ने धारा रहेको र अर्को ३०% सत्तासम्म पनि अटेरी धाराको कारण समस्या रहेको उनले बताए । नेपालको संविधान धारा ३१ मा आधारभूतसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्कमा शिक्षाको सुनिश्चित गरेको बताउँदै उनले संविधानको पूर्ण पालना गर्नु पर्ने बताएका थिए । अहिलको राजनीति प्रणालीमा परिवर्तन गर्न आवश्यक रहेको भन्दै सभामुख घर्तीले प्रत्यक्ष निर्वाचनसहितको राजनीति प्रणाली आवश्यक रहेको बताएका थिए

कार्यक्रममा प्रध्यापक रामलाल श्रेष्ठले नेतृत्वको प्रशंसा गर्न पर्छ, सबैको मिहिनेतबाट कालिकाबाट आधुनिक कालिका मानवज्ञान भएको भएको भन्दै प्रशंसा गरेका थिए ।

कार्यक्रममा बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख तथा विद्यालयका प्रमुख सल्लाहकार घनश्याम पाठकले आफ्नो कार्याकालका कालिका विकासको प्रस्ताव पेश गरिएको स्मरण गर्दै सोही बेलादेखि सुरुवात भएको अभियानले सार्थकता पाएको बताएका थिए । असल काम गर्ने व्यक्तिलाई खुट्टा तान्ने प्रवृत्ति रहेको भन्दै उनले कुरा धेरैले गर्छन्, तर काम गरेर देखाउन जरुरी रहेको बताएका थिए ।

कार्यक्रममा बोल्दै बुटवल कालिका क्याम्पसका अध्यक्ष तथा शैक्षिक व्यक्तित्व होमबहादुर गलामीले राजनीति वितृष्णको कारण अहिले देशमा समस्या आएको भन्दै झोलेहरुले देश बिगारेको तर्क गरेका थिए । सबैको पहलबाट नमूना आधुनिक कालिका बन्न सफल भएको बताउँदै उनले बांगेकुसुम स्कुल हुँदै कालिका बन्नुमा धेरैको योगदान रहेको बताएका थिए । विद्यालयका प्रधानाध्यापक दिनेश थापाले पैसाको कारणले कुनै पनि विद्यार्थी फिर्ता पठाउनु नपरोस् भन्ने धारणा साथै दाताहरुको सहयोगमा कालिकामा विपन्न विद्यार्थीहरुको लागि छात्रवृत्ति स्थापना गरिएको र जसको पूर्णरुपमा सदुपयोग भैरहेको बताएका थिए । अबको कालिका अनुसन्धान र खोजमूलक बनाउनको लागि रिसर्च सेन्टर स्थापना गरेको प्रधानाध्यापक थापाको भनाइ थियो ।

कार्यक्रममा विद्यालयका सहायक -प्रधानाध्यापक लोकराज घिमिरेको स्वागत तथा इञ्चार्ज कृष्ण गौतमको सञ्चालनमा भएको कार्यक्रममा अक्षयकोष दातातर्फबाट चन्द्रप्रकाश शर्माले मन्तव्य राखेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यान्द ज्ञवालीले कालिका अहिलेको अवस्थामा आउनको लागि पूर्व शिक्षक, जन प्रतिनिधि, व्यवस्थपान समिति, अभिभावक सबैको कडा मिहिनेत रहेको बताएका थिए । अक्षयकोषबाट बुटवल टुडे पत्रिकाका पत्रकार माया केसी तथा बुद्ध टेलिभिजन हिमालय टिभीका पत्रकार ललित पाण्डेलाई नगदसहित सम्मान गरिएको थियो ।

कालिका मानवज्ञान माविको ६४औं वार्षिकोत्सव तथा अभिभावक दिवस मूल समारोह पुस ७ गते बिहान ९ बजे सेक्टर १ कालिकानगरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा हुँदैछ ।

# भित्रिकोट महोत्सवमा गौमुखीको किवी



**राधिका भुसाल ।**

*प्यूठान*

प्रथम भित्रिकोट प्यूठान महोत्सवमा गौमुखी गाउँपालिका ३ रजवारामा उत्पादन भएको किवी बिक्रीका लागि ल्याइएको छ । गौमुखी गाउँपालिका ३ रजवारामा २५ क्वीन्टल किवी उत्पादन भएको छ । स्थानीयवासी नरेन्द्र मल्लले १२ रोपनी आफ्नै जमिनमा किवी खेती गरेका थिए ।

उनले यस सिजनमा २५ क्वीन्टल किवी उत्पादन भएको बताउँछन् । उनले करिब ६ वर्षअघि काठमाडौंबाट २५ वटा बिरुवा ल्याएर किवी खेती सुरु गरेको बताए । 'आफ्नै जमिन प्रशस्तै छ,' मल्लले भने-'केही फरक चिज उत्पादन गर्ने रहरले किवी खेती सुरु गरेको थिए ।'

बिरुवा रोपेको ३ वर्षपछि उत्पादन दिने थालेको उनले बताए । पहिलो वर्ष २ लाख ५० हजारको बिक्री गरेको बताउँदै यस वर्ष २५ क्वीन्टल बिक्री गरी ६ लाख आम्दानी गर्ने लक्ष्य रहेको उनले बताए ।

हालसम्म ५ क्वीन्टल बिक्री भइसकेको र अझैं २०-२२ क्वीन्टल बोटमै तयारी अवस्थामा रहेको मल्लले जानकारी दिए । पौष ५ गतेदेखि १७ गतेसम्म सञ्चालन हुने प्रथम भित्रिकोट प्यूठान महोत्सव उद्घाटनको दिन प्याकेजिङ्ग ग्रेडिङसहित ४ क्वीन्टल किवी बिक्रीका लागि ल्याएका छन् ।

किवीसँगै ३ रोपनीमा टिमुर खेती र २ रोपनी जमिनमा अलैंची लगाएको समेत उनले जनाए । मल्लले बेसार, दाँते ओखर, स्याउ, केसर, सतुवालगायतका फलफूल उत्पादन गर्नुका साथै नर्सरी पनि सञ्चालन गर्दै आएका छन् ।

नर्सरीबाट हालसम्म २ लाख ५० हजार आम्दानी गरेको उनले बताए । सुमन जडीबुटी फलफूल तथा कृषि नर्सरी फर्म सञ्चालनदेखि हालसम्म करिव १६ लाख लगानी गरिसकेको मल्लले बताए । उनले गत वर्ष बिक्रीका लागि बुटवलसम्म पठाएका थिए । लगनशील भएर काम गरेमा स्वदेशमै हरेक क्षेत्रमा राम्रो सम्भवना रहेको उनको भनाइ छ ।

# अवैध मदिराले राजस्व गुम्दै




भैरहवा । अवैध मदिरा नियन्त्रणका लागि सामूहिक प्रयास आवश्यक रहेकोमा सरोकारवालाहरुले जोड दिएका छन् । शनिबार मदिरा व्यवसायी संघ भैरहवा, रुपन्देहीको चौथो साधारणसभामा व्यवसायीहरुले अवैध मदिराका कारण राजस्व गुम्नुका साथै व्यवसायी पनि मर्कामा परेकोले अवैध मदिरा नियन्त्रण गर्न हातेमालो गर्दै अघि बढ्नुपर्ने बताए ।

संघका अध्यक्ष बाबुराम पाण्डेयले व्यवसायीहरुको हकहितका लागि व्यवसाय सञ्चालन गर्दा आएका बाधा, अड्चन र समस्यालाई समाधान गर्न सम्बन्धित निकायमा पहल गर्दै आएको बताए । उनले मदिरा व्यवसायीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन बुलन्द रुपमा आवाज उठाउँदै आएको बताए । अध्यक्ष पाण्डेले भने-'मदिरा व्यवसायी संघ भैरहवाका व्यवसायी सदस्यहरुको सक्रियताका कारण आर्थिक मन्दीले थिचेको अवस्थामा व्यवसाय छोड्न बाध्य भएको अवस्थामा रहेको बताए ।

संघका महासचिव यादव पोखेलले मदिरा व्यवसायीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिए । उनले अवैध मदिरालाई नियन्त्रण गर्नुपर्ने बताए । मदिरा व्यवसायी संघ रुपन्देहीका अध्यक्ष हिमालय भुसालले व्यवसायीको समस्या समाधानमा एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले मदिरा व्यवसायी संघ भैरहवाले राम्रो र महत्वपूर्ण कार्य गर्दै आएको भन्दै संस्थाको प्रशंसा गरे । लुम्बिनी प्रेस क्लब, रुपन्देहीका अध्यक्ष कमल रायमाझीले मदिरा व्यवसायी संघले व्यवसायीको हकहितसँगै सामाजिक कार्यहरु पनि गर्दै आएको बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले अवैध रुपमा भन्सार छलेर भारतबाट नेपालमा भित्रिने मदिराका कारण नेपाली व्यवसायी मर्कामा परेको बताए । उनले तस्करीलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिए ।

आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत प्रेमराज पोखेलले सामूहिक प्रयासले अवैध मदिरालाई निरुत्साहित गर्न सकिने बताए । उनले अवैध मदिरा बिक्रीवितरण कार्यलाई कसैले पनि प्रोत्साहन गर्न नहुने बताए । उनले मदिरा बिक्रीवितरण गर्दा अन्तःशुल्क स्टीकर सक्कली हुनुपर्ने र बीलविजक जारी गर्नुपर्ने बताए । 'हामी सबैको नजर अन्तःशुल्कजन्य कारोबारमा रहन्छ, यो क्षेत्रमा अनुगमन र अनुसन्धान बढी हुन्छन्,' उनले भने-'हामीसँग भाग्नुपर्दैन । तर, अनुगमन गर्न जाँदा सटर बन्द गर्नु भनेको केही गलत भयो भन्ने हामीलाई लाग्छ । हाम्रो ध्यान अनुसन्धानतर्फ जान्छ । गलत गर्नेहरु सजायको भागिदार हुनैपर्छ ।'

उनले अवैध मदिरा नियन्त्रण समितिको हालै बसेको बैठकले महत्वपूर्ण निर्णयहरु गरेको जानकारी दिए । उनले सुरक्षा र प्रशासनको एकल प्रयासले अवैध मदिरा नियन्त्रण हुन नसक्ने भएकाले सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिए ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले नक्कली र कम गुणस्तरका तथा कर छलेर मदिरा बिक्री भइरहेको गुनासो आएकाले गुनासो सम्बोधन गर्न व्यवसायीहरुको साझेदारी आवश्यक रहेको बताए । उनले भने-'यहाँहरु व्यवसायमा संलग्न हुनुहुन्छ । व्यवसाय भनेको समस्याको बिचमा गर्ने कार्य हो । राज्यकोतर्फबाट यहाँहरुको उचित संरक्षण गर्ने र यहाँहरुको व्यवसायिक उत्थानका क्रियाकलापमा साझेदारी गर्न तत्पर छौं ।' प्रजिअ घिमिरेले अनुशासित र मर्यादित भइ पेशाको मर्मअनुसार दायित्व पूरा गर्न आग्रह गरे । उनले सामाजिक कार्यलाई अझ बढाउन व्यवसायीलाई आग्रह गरे ।

संघले साधारणसभाको अवसरमा पत्रकार रबिन्द्र प्रताप गुप्तालाई सम्मान गरेको छ । संस्थाका विभिन्न गतिविधिबारे सम्प्रेषण गरी सञ्चार क्षेत्रबाट सहयोग पुर्‍याएको भन्दै गुप्तालाई नगद रु. ११ हजारसहित सम्मान गरिएको छ । यस्तै मदिरा व्यवसायी संघ भैरहवाको कार्यालय सञ्चालन लागि निःशुल्क रुपमा कोठा उपलब्ध गराउने संघका सचिव तेजबहादुर खत्री, गोर्खा ब्रुअरीका एरिया इञ्चार्ज सुमन रेग्मी र लुम्बिनी प्रेस क्लबका नवनिर्वाचित अध्यक्ष कमल रायमाझीलाई सम्मान गरिएको छ ।

# एटिएस टायलबारे निर्माणकर्मीलाई अभिमुखीकरण




बुटवल । पशुपति सेरामिक्स प्रा.लि.को उत्पादन एटिएस ब्राण्डको टायलबारे निर्माणकर्मीलाई जानकारी दिन अभिमुखीकरण भेला रुपन्देहीमा सम्पन्न भएको छ । कम्पनीले ६ सय बाई ६ सयको १० एमएम, ४ सय बाई ४ सयको ८ एम, ४ सय बाई ४ सयको एमएम, ३ सय बाई ४५० को ८ एमएम, सेमि भेटरीफाइड टायल र टायल एडिसिब उत्पादन गरिरहेको छ ।

कार्यक्रममा रुपन्देही, नवलपरासी र कपिलवस्तुका करिब २ सय जना टायल मार्बलको काम गर्ने निर्माणकर्मीहरु सहभागी थिए ।

अभिमुखीकरणमा पशुपति सेरामिक्स प्रा.लि.का सञ्चालक सरोज रौनियार, मार्केटिङ म्यानेजर सनी निमावत, एटिएस टायलको लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि अधिकृत विक्रेता मातृभूमि ट्रेडर्सका सञ्चालक राजेन्द्र ढकालले बोल्दै २० वर्ष ग्यारेन्टीसहितको टिकाउ र गुणस्तर, सुन्दरता र सेवामा निरन्तरता तीनवटा विशेषताले एटिएस टायलले छोटो समयमै उपभोक्ताको मन जितेको बताए । नेपालमा अहिलेसम्म २० वर्ष ग्यारेन्टी दिने टायल एटिएस मात्र भएकाले टायल बजारमा अग्रणी हुने उनीहरुको भनाइ थियो ।

कार्यक्रममा चेम्बर अफ कमर्स लुम्बिनीका जेपी कंडेल, तिलोत्तमा उद्योग बाणिज्य संघका सुरज पंगेनीलगायतले बोल्दै स्वदेशी टायल प्रयोग गर्न घरधनी र निर्माणकर्मीलाई आग्रह गरे । स्वदेशी टायलको खपतले आयात प्रतिस्थापन र ब्यापार घाटा कम गर्न टेवा पुग्ने र देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने उनीहरुले बताए ।

पशुपति सेरामिक्स विशेष आर्थिक क्षेत्र (सेज) बाट टायल उत्पादन गर्ने नेपालकै पहिलो उद्योग हो । करीव ५ हजार वर्ग मिटर क्षेत्रफलमा इटालियन प्रविधिमा आधारित अत्याधुनिक प्रविधियुक्त कारखाना नेपालमै टायल उत्पादन गर्ने पहिलो बहुराष्ट्रिय ज्वाईन्ट भेन्चर पनि हो । कम्पनीले करीब २२० जनालाई प्रत्यक्ष एवम् २५ सय जनालाई अप्रत्यक्ष रुपमा रोजगारीको अवसर प्रदान गरि रहेको छ । एटिएस टायल नेपालमा मात्र नभई छिमेकी देश भारतसहितमा अन्तर्राष्ट्रिय बजारमा पनि विक्री वितरण आरम्भ गरेको मार्केटिङ म्यानेजर सनी निमावतले बताए । छाटो अवधिमा एटिएस टायलले बजारबाट सकारात्मक प्रतिक्रिया पाएकोमा कम्पनी उत्साहित भएको प्रा.लि.का सञ्चालक सरोज रौनियारले बताए ।

भविष्यमा कम्पनीले ६ सय बाई १२ सय जिबिटी र पिजिभिटी टायल र एटिएस ब्राण्डका धारा पनि उत्पादन गर्ने लक्ष्य राखेको सञ्चालक रौनियारले बताए ।

सबै प्रकार र आकारका टायल उत्पादनका लागि स्पेन, इटनी, चीन र भारतबाट मेशिनहरु आयात गरी करीब २ अर्बको लगानीमा स्थापित कम्पनीको दैनिक १५०० वर्ग मिटर उत्पादन क्षमता छ भने नेपाली बजारको करीब ४० प्रतिशतको हिस्सा ओगट्ने लक्ष्य लिएको छ ।

'हामीले नेपाली उपभोक्तालाई नेपालमै उत्पादित अन्तर्राष्ट्रिय ब्राण्डका शतप्रतिशत वाटरप्रुफ टायल सस्तो र सुलभ मूल्यमा पाउन गर्न सहज गराउँछौं र वार्षिक रुपमा नेपालबाट बाहिरिएको करीब २० अर्ब रुपैयाँ देशभित्र नै रहने, विदेशमा निर्यात हुँदा राष्ट्रको विदेशी मुद्रा आर्जन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने हामीले विश्वास लिएका छौं ।'-रौनियारले भने ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com